# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय**

**निर्णय नं. ३७**

**मुद्दा नं. : ०८०-०२-०१८**

**दर्ता मिति : २०८०/११/०६**

| | |
|---|---|
| भैरव थापाकी छोरी काले खत्रीको श्रीमती काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १४ नयाँ नैकाप बस्ने वर्ष ७२ की कान्छी खत्री ....................................................१ | निवेदक वादी |

**विरुद्ध**

| | |
|---|---|
| पदम बहादुर खत्रीको छोरा काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १४ बस्ने वर्ष ६१ को विष्णु खत्री ....................................................१<br>ऐ. को छोरा ऐ.ऐ. बस्ने वर्ष ५७ को गंगाराम खत्री ....................................................१<br>ऐ. को छोरा ऐ.ऐ. बस्ने वर्ष ४५ को मन्नु खनाल खत्री ....................................................१ | विपक्षी प्रतिवादी |

**मुद्दा : भोग चलनको जग्गा हक कायम गरी बाटो खुलाई पाउँ ।**

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाण कागज समेत अध्ययन गरी वादी तथा प्रतिवादी समेतले गर्नु भएको बहस सुनी यस विवादमा उजुरी माग बमोजिम भोगचलनको जग्गा हक कायम गरी बाटो खुलाई पाउने हो होइन भनि निर्णय दिनुपर्ने देखिन आयो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) देहाय (ठ) उपदफा (२) को देहाय (ट) बमोजिम यस विवाद यसै न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेको पाइयो । उक्त कानुनी व्यवस्था बमोजिम प्रस्तुत मुद्दामा मेलमिलापको प्रक्रिया अवलम्बन गरी निरुपण गर्नुपर्ने हुन आएकोमा मेलमिलापको लागि पहल गर्नुहोस् भनि सम्झाई बुझाई गर्दा नियमअनुसार गर्नुहोस् भनि वादी तथा प्रतिवादी समेतले गर्नु भएको बहस समेतलाई बिचार गर्दा भोग चलनको जग्गा हक कायम गरी बाटो खुलाई दिने सम्बन्धमा एकिन गराउने आदेश गरी प्रमाण बुझि निर्णयमा पुग्न न्यायिक समितिको क्षेत्राधिकार रहेको देखिएन । साविक जिल्ला काठमाडौं, नयाँ नैकाप भञ्ज्याङ गा.वि.स. वडा नं. ५ हालको चन्द्रागिरि नगरपालिका वडा नं. १४ को कि.नं. १३१ को ४-१२-०-० जग्गाको मोही महलमा खुन्ती खत्री कायम भई वादी प्रतिवादी दुवैले भोगचलन गरिरहेको भएतापनि उल्लेखित जग्गाको दर्ता श्रेस्ता कायम रहे भएको नदेखिंदा जग्गाको वास्तविक जग्गाधनीको नाममा हुनुपर्ने आदेश उनाउ व्यक्तिको नाममा गर्न

सक्ने क्षेत्राधिकार समेत यस न्यायिक समितिलाई प्राप्त भएको नदेखिंदा दुबै पक्षको जग्गाधनी पूर्जा विहिन उजुरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (४) बमोजिम माग दावी खारेज हुने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसिल खण्ड**

(क) माथि निर्णय खण्डमा निवेदन खारेज भई निर्णय भएकोले यस निर्णयमा चित्त नबुझे स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ बमोजिम ३५ दिन भित्र श्री जिल्ला अदालत, काठमाडौँमा पुनरावेदन गर्नुहोला भनि निवेदकको नाउँमा पुनरावेदनको म्याद जारी गर्नु र निर्णयको जानकारी वादीलाई दिनु ........................................................................................................................ १

(ख) निर्णयको प्रतिलिपि माग गर्ने सरोकारवालालाई कानुनको रित पुऱ्याई प्रतिलिपि उपलब्ध गराउनु । ........................................................................................................................ २

(ग) प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु । ........................ ३

(घ) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार अभिलेख शाखामा बुझाईदिनु । ........................ ४

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : रत्नलाल श्रेष्ठ

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बतौंला शर्मा

इति सम्बत् २०८१ साल जेठ ०९ गते रोज ०४ शुभम् ........................................................................